# बाणगङ्गा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
बाणगङ्गा, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल


पत्र संख्या : ०८१।८२
चलानी नम्बर :

## मकै बाली प्रवर्द्धन कार्यक्रम (हिउदे समेत) संचालनको लागि प्रस्ताव आह्वान सम्बन्धि सूचना !

प्रथम पटक प्रकाशित मिति २०८१।०७।०८ गते

वाणगंगा नगरपालिका, कृषि विकास शाखा कपिलवस्तुबाट आ.व.२०८१।०८२ मा संघिय सरकार शसर्त अनुदान तर्फको बाली विकास तथा जैविक विविधता संरक्षण (राष्ट्रिय खाद्य मिसन) कार्यक्रम अन्तरगत **मकै बाली प्रवर्द्धन कार्यक्रम (हिउदे समेत)** ब्लक निर्माण गरी संचालन गरिने भएकोले उत्पादन ब्लक निर्माण गरी कार्यक्रममा सहभागी हुन इच्छुक कृषक समूह/कृषि सहकारी/ कृषि फर्म/उपभोक्ता समिति/निजी उद्दमी/कम्पनीहरुले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले ३० दिन (२०८१/०८/०७ गते) भित्र प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८१ को अनुसूची-२ अनुसारको प्रस्तावना फारम भरी तोकिएका कागजात सहित नगरपालिकामा निवेदन पेश गर्नु हुन यसै सूचनाद्धारा जानकारी गराइन्छ ।

**कार्यक्रमको नामः** मकै बाली प्रवर्द्धन कार्यक्रम(हिउदे समेत)
**ब्लकको क्षेत्रफल/साईजः** भवन, बाटो वा कुलोले ओगटेको क्षेत्र बाहेक एक आपसमा जोडिएका जग्गाको प्लटबाट बनेको कम्तिमा १० हेक्टर (१५ विगाह)

**निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु**

१. दर्ता भएको दर्ता प्रमाण पत्रको प्रतिलिपी (नियमानुसार नविकरण / सुचिकृत भएको)।
२. कृषक समूह/ सहकारी/उपभोक्ता समितिको निर्णय प्रतिलिपी।
३. वडा कार्यालयको सिफारिस पत्र।
४ सहकारी संस्था/कृषि फर्म/कम्पनीको हकमा लेखा परिक्षण प्रतिवेदन तथा करचुक्ता प्रमाण पत्रको प्रतिलिपी।
५. अध्यक्ष/प्रोपाइटरको नागरिकता वा परिचय खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
६. भाडाको जग्गा भए कम्तिमा ५ वर्षको सम्झौता पत्र।
७. जग्गाको क्षेत्रफल र स्वामित्व वा हकभोग खुल्ने प्रमाण पत्रको प्रतिलिपी।
८. प्रतिबद्धता पत्र

**नोटः-** प्रदेश तथा स्थानीय तहमा शसर्त वित्तीय हस्तान्तरित कृषि बिकास कार्यक्रम संचालन सम्बन्धी कार्यबिधि, २०८१ यस नगरपालिकाको वेभसाइड www.bangangamun.gov.np बाट हेर्न र डाउनलोड गर्न सकिने छ।

*पुनश्चः आवेदनमा माग भए बमोजिमका सम्पूर्ण कागजात नपुग भएमा नगरपालिका कृषक समूह/कृषि सहकारी/ जल उपभोक्ता समितिको प्रस्ताव स्वीकृत गर्नका लागि बाध्य हुने छैन।*

*विस्तृत जानकारीका लागि वाणगंगा नगरपालिका,कृषि विकास शाखा कपिलवस्तुमा सम्पर्क राख्नुहोला।*
*सम्पर्क नम्वर-९८४१३५२७४७/९८४७०५२९५४*

भक्तिराम मरासिनी
प्रमुख प्रशासकीय अधिकृत